श्री

# सर्वोच्च अदालत

(आन्तरिक तथा [illegible] प्रशासन शाखा)

रामशाहपथ, काठमाडौं
☎ : ४२००७२९, ४२००७२८
४२००७५०
फ्याक्स : ४२००७४९
पो.ब.नं.२०४३८
Email: info@supremecourt.gov.np
admin@supremecourt.gov.np
Web: www.supremecourt.gov.np

पत्र संख्या : ०७६/७७
प्राप्त पत्र संख्या र मिति :
च.नं. १७८

मिति २०७६।०४।२३

विषय : परिपत्र सम्बन्धमा।

श्री जिल्ला अदालत सबै।

उपर्युक्त बिषयमा मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा १३६ (३) मा पुनरावेदन गर्दा अभियुक्तलाई लागेको सजाय भोगेको वा बुझाएको वा त्यस वापत कैदमा रहेको वा जमानत दिएको वा धरौट राखेको निस्सा पेस गर्नुपर्नू भन्ने व्यवस्था गरेको सम्बन्धमा देहायको द्विविधा परेको भनी उच्च अदालत पोखराबाट निकासा माग भएकोमा देहाय बमोजिम गर्नु गराउनु भनी देवानी कार्यविधि संहिताको दफा २८७ बमोजिम संहिता कानूनहरुको कार्यान्यवनको क्रममा आउनसक्ने अडबडको निकासाका लागि यस अदालतका माननीय न्यायाधीश श्री दीपककुमार कार्कीज्यूको संयोजकत्वमा गठित संयन्त्रको मिति २०७६।०४।०६ गतेको निर्णयानुसार अनुरोध गर्दछु।

१. (क) शुरूको फैसलाले अभियुक्त थुनामा बस्दै निजले दिनुपर्ने क्षतिपूर्ति वापतको रकम धरौटमा राखेपछि मात्र पुनरावेदन दर्ता गर्ने वा थुनामा बसेको व्यक्तिले क्षतिपूर्ति वापतको रकम धरौटी नराख्दा पनि पुनरावेदन गर्न मिल्ने भन्ने विषयमा छलफल गर्दा मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा १३६ (३) मा पुनरावेदन दिंदा संलग्न गर्नुपर्ने लिखतमध्ये ऐ. ३(ख) मा **"फैसलाबाट पुनरावेदकलाई कुनै सजाय भएको रहेछ भने निजले त्यस्तो भोगेको वा बुझाएको वा त्यस वापत कैदमा रहेको वा जमानत दिएको धरौट निस्सा"** पेस गर्ने कानूनी व्यवस्थाले क्षतिपूर्ति शब्द स्पष्ट नबोलेपनि मुलुकी अपराध संहिता, २०७४ को दफा ४० ले गरेको सजायको प्रकार अन्तर्गत (ङ) मा क्षतिपूर्ति पनि समावेस गरेको साथै, मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा १६५ (५) तथा ऐ. दफा ६८(१) ले क्षतिपूर्ति भराउने कार्यविधिमा कुनै रकम धरौट वा जमानत राखेको भए त्यसबाट क्षतिपूर्ति, बिगो, वा त्यस्तो रकम असुल हुने भएमा सोही बमोजिम भराई दिनुपर्नेछ, भन्ने व्यवस्था गरेको देखिंदा क्षतिपूर्ति वापतको रकम समेत धरौट निस्सा अन्तर्गत पर्ने र पुनरावेदकले अगाडि नै धरौट राखेको भए सो रकमले नखामेको हदसम्म सो रकम थप गरी धरौट राखेको निस्सा राखी मात्र पुनरावेदन दर्ता गर्नुपर्ने।

(ख) सुरूको फैसला ले अभियुक्त थुनामा बस्नुपर्नेमा थुना र जरिवाना वापत धरौट वा जमानतको सुविधा प्राप्त गरेको अवस्थामा क्षतिपूर्ति दाखिला नगरी पुनरावेदन गर्न मिल्ने वा नमिल्ने भन्ने

श्री

# सर्वोच्च अदालत

(आन्तरिक तथा [stamp] प्रशासन शाखा)

रामशाहपथ, काठमाडौं
☎ : ४२००७२९, ४२००७२८
४२००७५०
फ्याक्स : ४२००७४९
पो.ब.नं.२०४३८
Email: info@supremecourt.gov.np
admin@supremecourt.gov.np
Web: www.supremecourt.gov.np

पत्र संख्या : ०७६।७७
प्राप्त पत्र संख्या र मिति :
च.नं. १७८

द्विविधाका सम्बन्धमा उपरोक्त देहाय (क) मा उल्लिखित आधारमा क्षतिपूर्ति दाखिला गरे वा सो वापत धरौट राखेको निस्सा संलग्न गरी पुनरावेदन दर्ता गर्नुपर्ने।

(ग) थुनामा नबसी पुनरावेदन गर्दा लागेको जरिवाना बुझाएमा र क्षतिपूर्ति वापतको रकम धरौट राखेपछि मात्र पुनरावेदन दर्ता गर्न मिल्ने वा शुरूमै राखेको धरौटले क्षतिपूर्ति वापत रकम पुग्ने भएमा समायोजन गर्न मिल्ने नमिल्ने भन्ने तर्फको द्विविधाका सम्बन्धमा उपरोक्त देहाय (क) मा उल्लिखित आधारमा पुनरावेदकले अगाडि नै धरौट राखेको भए सो रकमले खामेको हदसम्म सोही धरौट रकममा समायोजन गरी र नपुग रकम थप गरी धरौट राखेको निस्सा संलग्न गरी पुनरावेदन दर्ता गर्नुपर्ने।

२. त्यसैगरी उक्त संयन्त्रको सोही मितिमा बसेको बैठकको निर्णय नं. २ बमोजिम साविक जिल्ला अदालत नियमावली, २०५२ को नियम ७८क मा फैसला कार्यान्वयनको अवस्थामा रहेको कुनै मुद्दासँग सम्बन्धित चल वा अचल सम्पत्तिको हक कुनै किसिमबाट हस्तान्तरण गरिएको भएमा र मुद्दाका पक्षले निवेदन दिएमा अदालतले त्यस्तो सम्पत्ति लेनदेन गर्ने व्यक्तिलाई सात दिने म्याद जारी गरी बुझी सोही मिसिलबाट कारवाही र किनारा गर्न सक्नेछ भन्ने कानूनी व्यवस्थालाई हाल जारी भएको जिल्ला अदालत नियमावली, २०७५ मा निरन्तरता नदिइएको अवस्थामा साविक नियमावलीको व्यवस्था बमोजिम अदालतमा दर्ता भइसकेका निवेदनहरूका सम्बन्धमा साविकको व्यवस्था बमोजिम गर्न मिल्ने नमिल्ने द्विविधा परेको भनी सर्लाही जिल्ला अदालतबाट लिखित रूपमा सोधी आएकोमा **"साविकको व्यवस्था बमोजिम दर्ता भएका निवेदनहरूका सम्बन्धमा साविक बमोजिमकै व्यवस्थाले निर्धारण गरेको प्रक्रिया बमोजिम गर्नु"** हुन उक्त संयन्त्रको मिति २०७६।०४।०६ गतेको निर्णयानुसार अनुरोध गर्दछु।

०७६।४।२२
राजकुमार गुरुङ
शाखा अधिकृत